नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या: २०८१।०८२

चलानी नं. १६८

मिति: २०८१।०८।१०

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।

स्थानीय तहको उपनिर्वाचन हुने गाउँपालिका/नगरपालिका (सबै),

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपालको प.सं. २०८१/०८२, च. नं. १.१.३५ क. प्र. २५९, मिति २०८१/०८/०९ को निर्णय कार्यान्वयन सम्बन्धी पत्र आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

८/१०

(दीपेश कट्टेल)

शाखा अधिकृत

<u>बोधार्थ:</u>

श्री निर्वाचन आयोग, नेपाल, कान्तिपथ काठमाडौं।

श्री सूचना प्रविधि शाखा: website मा upload गर्नुहुन।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL
(प्रशासन शाखा)

प.सं. च.नं. / Ref: १.१.३५ क.प्र.) २०८१/०८२/८८९

मिति: २०८१/०८/०९,
ने.सं. ११४५ कछलागा, ९ आइतवार

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।

अत्यन्त जरुरी

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा सम्वत् २०८१ मंसीर १६ गते आइतवार सम्पन्न हुने स्थानीय तह उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी रूपमा सम्पन्न गर्न, गराउन उपनिर्वाचन हुने स्थानीय तहमा मतदानस्थल उपलब्ध गराइदिने, सार्वजनिक विदा दिने र मतदाताका लागि मतदान गर्न सहज वातावरण बनाइदिने सम्बन्धमा आयोगको मिति २०८१/०८/०९को बैठकबाट देहाय बमोजिमको निर्णय भएको हुँदा आवश्यक कार्यार्थ निर्णयानुसार अनुरोध छ ।

आयोगको निर्णय

१. मिति २०८१ मंसिर १३ देखि १६ गते मतदान सम्पन्न नभएसम्म मतदान स्थलको रूपमा कायम भएका सामुदायिक विद्यालय, निजी विद्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, औद्योगिक प्रतिष्ठान वा अन्य सार्वजनिक स्थलहरू निर्वाचन प्रयोजनका लागि उपयोग गर्ने व्यवस्था मिलाउन नेपाल सरकार, संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत उपनिर्वाचन हुने सबै स्थानीय तहलाई निर्देशन दिने।
२. मिति २०८१ मंसिर १६ गते आइतवार मतदान हुने दिन स्थानीय तहको प्रमुख वा उपप्रमुख वा अध्यक्ष वा उपाध्यक्ष पदको लागि उपनिर्वाचन हुने स्थानीय तहमा सम्बन्धित स्थानीय तहभर र वडा अध्यक्षको उपनिर्वाचन हुने स्थानीय तहमा वडाको क्षेत्रभित्र सम्बन्धित स्थानीय तह अन्तर्गतका कार्यालयहरूमा सार्वजनिक विदा दिने व्यवस्था मिलाउन नेपाल सरकार, संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखी पठाउने।
३. मिति २०८१ मंसिर १६ गते आइतबारका दिन उपनिर्वाचन हुने स्थानीय तहका मतदाताहरूलाई विदाको सुविधा वा अन्य उपयुक्त वैकल्पिक उपाय अपनाई मतदान गर्ने सहज व्यवस्था मिलाई दिन सम्बन्धित स्थानीय तह वा जिल्ला स्थित निजी क्षेत्रबाट सञ्चालित औद्योगिक वा शैक्षिक वा अन्य प्रतिष्ठानहरूलाई आह्वान गर्ने।

२०८१/०८/०८

(दुर्गा प्रसाद चापागाईं)
उपसचिव